आज मिति २०७२।०६।२९ गते शुक्रबारका दिन नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा बसेको नेपाल सरकारका सचिवहरुको बैठकले गरेका निर्णयहरु

| क.स. | निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| १. | परियोजनाहरुको लेखा सम्बन्धी अध्यावधिक विवरण महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउने तथा त्यस्ता परियोजनाहरुलाई नियमित र समयमा लेखापरीक्षण गर्ने सम्बन्धमा मन्त्रालयका सचिवहरुले स्पष्ट निर्देशन दिने । | सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय | | प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार | १ महिना |
| २. | परियोजनाहरुको Audited/unaudited आर्थिक विवरण कानूनले तोकेको समय सिमाभित्र पेश गर्ने तथा सोधभर्ना लिन बाँकी निकायहरुले यथाशिघ्र सोधभर्ना लिने । | सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय | | | कानूनले तोकेको समय सीमाभित्र |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट उपलब्ध गराईएको तत्काल सुधारका कार्ययोजनाको परिमार्जित मस्यौदालाई अन्तिम रुप दिन आ-आफ्नो निकायको कुनै सुझाव भएमा ३ दिन भित्र उपलब्ध गराउने अन्यथा स्वीकार भएको मानिने । | सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय | | प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार महाशाखा) | २०७२।७। २ गते सम्ममा |
| ४. | सरकारी कार्यालयहरुले आ-आफ्नो कार्यालय परिसरमा नियमित सरसफाईको कार्य गर्ने । लिलाम नभई थन्किएका पुराना सवारी साधानहरुको लिलामीकालागि यस पूर्व भएका निर्णयहरु समेत कार्यान्वयन गरी शीघ्र कार्य | सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय | | प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार | तत्काल |
| ५. | २०७२।६।२८ गते भएको सचिव बैठकमा अनुपस्थित भएका गृह मन्त्रालय, नेपाल ट्रष्टको कार्यालय, सिचाई मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, शान्ति तथा पुर्निर्माण मन्त्रालय लगायतको निकायका सचिवहरुलाई ध्यानाकर्षण गराउने । | प्र.म.तथा म.प. कार्यालय (शासकीय सुधार) | | प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार महाशाखा) | तुरुन्त |
| ६. | इन्धनको बैकल्पिक स्रोतको रुपमा विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले पेश गरेको प्रस्तवाका सम्बन्धमा सुझाव उपलब्ध गराउने । | सबै मन्त्रालय /केन्द्र/आयोग/ सचिवालय/कार्यालय | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | प्र.म.तथा म.प.कार्यालय (शासकीय सुधार महाशाखा) | तत्काल |
| ७. | शुभ विजयादशमी, दिपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण राष्ट्रसेवक एवं सेवाग्राहीहरुमा शुभकामना व्यक्त गर्ने । | | | | |